ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-११ ❑ अङ्क-१५, २०७६ भदौं ७ गते, शनिबार (Aug. 24, 2019 Saturday) www.janatimes.com मूल्य रु. ५/- पृष्ठ संख्या: ६




## नाम र राजधानीमा नौवटा प्रस्ताव दर्ता

# प्रदेश २ को नाम 'मधेश' की 'जानकी' प्रदेश ?




फत्तेपुर / प्रदेशको नामकरण र राजधानीका विषयमा प्रदेश २ सभामा नौवटा प्रस्ताव दर्ता भएका छन् । नामकरणमा चार र राजधानीमा पाँच गरी विभिन्न नौवटा प्रस्ताव प्रदेश सभामा दर्ता भएको प्रदेश सभा सचिवालयले जानकारी दिएको छ ।

प्रदेश सभामुख सरोजकुमार यादवले प्रदेश सभा कार्य सञ्चालन नियमावली संशोधन गराउँदै नामकरण र राजधानीका विषयमा प्रस्ताव दर्ता गराउन भदौ ५ गते साँझ ५ बजेसम्मको म्याद दिएका थिए । उक्त समय-सीमाभित्र सत्तासाझेदार दल समाजवादी पाटी र राजपाले संयुक्त रूपमा प्रस्ताव दर्ता गराए ।

विपक्षी दल नेकपा र कांग्रेसले राजधानी र प्रदेश नामकरणमा छुट्टै प्रस्ताव दर्ता गराएका थिए । नाम मधेस र राजधानी जनकपुरधाम राजपा र समाजवादीले संयुक्त रूपमा दर्ता गराएका थिए । नेकपाले नाम जानकी र राजधानी जनकपुर परिक्रमा मार्गसहित सम्पूर्ण धनुषा जिल्ला रहने प्रस्ताव गरेको छन्। राजधानीको प्रस्तावकमा नेकपाका संसदीय दलका नेता सत्यनारायण मण्डल आफैं रहेका थिए । समर्थकमा सचेतक सुन्दरबहादुर विश्वकर्मा, रवीन्द्र बैठा र बेची लुगेली रहेका थिए । साथै, जानकी प्रदेशको प्रस्तावकमा राजकुमार यादव र समर्थकमा ज्वालाकुमारी साह, शारदा थापा र नागेन्द्र राय यादव छन् । त्यस्तै, कांग्रेसले नाम मिथिला-भोजपुरा र राजधानी जनकपुर रहने प्रस्ताव दर्ता गराएको छरु। नामकरणमा कांग्रेसका तर्फबाट प्रस्तावक नरेशकुमार यादव र समर्थकमा मञ्जुकुमारी यादव तथा उपेन्द्रप्रसाद कुसवाह छन् । नामकरणका विषयमा कांग्रेसका केही सांसदले फरक प्रस्ताव दर्ता पनि गराएका थिए । कांग्रेसका राजेश्वरप्रसाद साह प्रस्तावक तथा शंकरप्रसाद चौधरी र आशियादेवी थरुनीले दर्ता गराएको प्रस्तावमा प्रदेशको नाम मध्य मधेस प्रदेश राखिएको छ ।

राजधानीका विषयमा पनि कांग्रेसका पाँचजना सांसदले फरक प्रस्ताव दर्ता गराएका छन ।

त्यस्तै, राजधानीका

बाँकी अन्तिम पृष्ठमा

# सप्तरीमा सर्पदंशका घटना बढे

सप्तरी / धामी झाँक्रीको भर पर्दा सप्तरीमा सर्पदंशका घटना बढेका छन । साउनभित्र सर्पदंशका कारण आधा दर्जनभन्दा बढीको मृत्यु भएको छ ।

मृत्यु हुनेहरुमा बोदेबर्साइन नगरपालिका-२ जोगियाका रामसेवक यादवका १० वषीय छोरा वैद्यनाथ, शम्भुनाथ नगरपालिका-२ का देबु सरदारकी दुई वषीया छोरी दीपा, कञ्चनरूप नगरपालिका-११ ठेलियाका जोगिन्दर रामका सात वर्षीय छोरा भुवनेश्वरको सर्पले डसेर मृत्यु भएको छ ।

सर्पले टोकेका बिरामीलाई धामीझाँक्रीले झारफुक गर्दा पनि ठीक नभएपछि मात्रै अस्पताल लगिने गरेको खडक नगरपालिका कल्याणपुरका प्रमोद चालिसेको भनाई छ ।

वर्षा लागेपछि सर्पले डसेर अस्पताल भर्ना हुनेको संख्या बढेको अस्पतालले जनाएको छ । गत वैशाखदेखि हालसम्म तीन सय ५६ जनाले सर्पले टोकेर उपचार गराएको बताइएको छ । सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल तथा कल्याणपुरस्थित

बाँकी अन्तिम पृष्ठमा

"सुखी नेपाली सम्वृद्ध नेपाल: लैङ्गिक हिंसा मुक्त समाज ।"

"अबको गन्तव्य: लैङ्गिक हिंसा अन्त्य ।"

"तीन तहको सरकार: लैङ्गिक हिंसा अन्त्य सबैको सरोकार ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा



फत्तेपुर पोलिक्लिनिक(प्रालि)
सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि
अगाडी फोन नं.: ०३१-५५०१८७

**प्रदेश . . .**

विषयमा समाजवादी र राजपाका सातजना सांसदले फरक प्रस्ताव दर्ता गराएका छन । फरक प्रस्ताव दर्ता गराउनेको समर्थकमा प्रह्लाद गिरी, करिना बेगम, जनत अन्सारी, अञ्जु यादव, भिमा यादव र रागिनी देवी छन। प्रस्तावक सिंगासन स ा कलवार रहेका छन । उनीहरूले राजधानी वीरगन्ज राख्ने प्रस्ताव दर्ता गराएका थिए ।

दर्ता भएका प्रस्ताव ४८ घन्टाभित्र फिर्ता लिन सक्ने प्रावधान छन । त्यसपछिका प्रस्ताव प्रदेशको बैठकमा लागिनेछ । प्रदेश सभामा उक्त विषयमा सामान्य छलफल भई सहमतिका लागि सर्वदलीय समिति गठन हुनेछ ।

ती विषय सतिबाटै सर्वसहमत भएको अवस्थामा सोही प्रस्ताव पुनः पास हुन प्रदेश सभा लगिनेछ। समितिमा पनि सर्वसहमति नभएको अवस्थामा ती विषयमा मतदान हुने प्रावधान छ । प्रस्ताव दर्ता गराउन दुईतिहाइ बहुमत आवश्यक हुन्छ । तर, वर्तमान प्रदेश सरकारसँग दुईतिहाइ बहुमत छैन । अहिले प्रदेश सभामा समाजवादी २९, राजपा २५, नेकपा ३२, कांग्रेस १९ र स्वतन्त्रका दुई सिट छन् ।

# ९५ छात्रालाई साइकल वितरण

जनकपुरधाम / प्रदेश-२ का मुख्यमन्त्री लालबाबु राउतले 'बेटी पढऔं, बेटी बचाऔं' अभियान अन्तर्गत धनुषाको बटेश्वर गाउँपालिकास्थित शिवशक्ति नमूना माविको कक्षा ८ मा अध्ययनरत छात्राहरुलाई साइकल वितरण गरेका छन् । मुख्यमन्त्री राउतले विद्यालयका कक्षा ८ मा अध्ययनरत ९५ जना छात्राहरुलाई साइकल वितरण गरेका थिए । त्यस अवसरमा बोल्दै मुख्यमन्त्री राउतले सामाजिक रुपान्तरण नभएसम्म प्रदेशको समृद्धि परिकल्पना गर्न नसकिने बताए । मुख्यमन्त्री राउतले महिलाको सशक्तिकरणबाट मात्रै समाज रुपान्तरण सम्भव रहेको भन्दै महिला सशक्तिकरणकै निम्ति प्रदेश सरकारले 'बेटी पढऔं, बेटी बचाऔं' अभियान सुरु गरेको बताए । उनले प्रदेश सरकारले छोरी शिक्षा विमा, छोरीलाई साइकल वितरण जस्ता कार्यक्रमहरु महिला सशक्तिकरणकै लागि थालिएको अभियान भएको बताए । प्रदेश सरकारले छोरीलाई शिक्षित बनाएर रोजगारीको ग्यारेन्टी समेत गर्ने बताउँदै उनले हरेक छोरीलाई पढ्न दिनुपर्नेमा जोड् दिए ।


सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज, LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल, मोटरसाइकल, गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ र मौकाको फाईदा उठाउनु होला र




IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै

**प्रो.केदार श्रेष्ठ**

माता मनकामना इन्टरप्राइजेज सप्तकोसी -१, फत्तेपुर

०३१-५५०१०६, ९८०७७७३८९१, ९८५२८२१२९१



सम्पूर्ण कपडाको लागी सदैव सम्झनुस्

हाम्रा सेवाहरुः

यहाँ विभिन्न ब्रान्डका स्वदेशी बिदेशी रेडिमेट कपडा, थान कपडा, बिहे बर्तबन्ध लगायत का लागी दौरा सुरुवाल कोट पेन्ट, कुर्ता सुरुवाल, लेङ्गा, ट्प्स लेडिज गाउनलगायतका सामान हरू सुफत मुल्यमा उपलब्ध गराइन्छ।

**जेके स्टोर सप्तकोसी १ फत्तेपुर**

नयाँ बजार छिर्ने मोड, सम्पर्क ९८१९९२८३६३



खगेन्द्र कार्की
९८४२०९२१०७
९८०७७४३२०२

शंकर कार्की
९८६३९०८७४९

जनता बुक्स एण्ड स्टेसनरी

सप्तकोशी नपा-१, फत्तेपुर, सप्तरी
बासपार्क जाने बाटो (हेल्थपोष्ट अगाडी)

हाम्रा सेवाहरु

यहाँ बोर्डिङ्ग स्कूल तथा कलेजका सम्पूर्ण पाठ्यपुस्तक, स्टेसनरी, पत्र पत्रिकामा विज्ञापन गर्नका साथै खेलकुदका सम्पूर्ण सामानहरु खुद्रा तथा होलसेल मूल्यमा पाइन्छ । साथै विवाह तथा व्रतबन्धका सम्पूर्ण कार्डहरु उपलब्ध गराइन्छ ।








२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. बद्रीप्रसाद भट्टराई

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६ गते

स्पोर्ट सेवाहरुः

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्धारा विशेषज्ञ डाक्टरबाट उपचार गरिन्छ ।




एम्बुलेन्स सम्पर्कः ९८५२८५५११२

*नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा सेवा उपलब्द रहेको छ ।*

**माता मनकामना पोलिक्लिनिक**



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२ र ९८५२८५५११२



दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

बिशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ




**जनसेवा पोलिक्लिनिक प्रा.लि**

सप्तकोशी नपा-१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०


**प्रमुख सल्लाहकारः** डा.महेन्द्र विष्ट, **सल्लाहकारः** प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक**,खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, **ले-आउट** निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधिः मिलन केसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार शाखा प्रमुखः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७४३२०२, धरान सम्पर्कः ९८०३९१९७२१* Email:,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रणः** शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स्
JANATA TIMES WEEKLY

प्रकाशकीय...........

## दासको निधनले ठूलो क्षति

इतिहासविद् तथा अनुसन्धाता हरिकान्तलाल दासको एकसाता अघि भएको मृत्युले सप्तरीले अपुरणीय क्षति पुगेको छ । सप्तरीको इतिहास र यहाँको संस्कृति, भाषाबारे उनले पुऱ्याएको योगदान भुल्न सकिदैंन ।

महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसका अवकाशप्राप्त इतिहास तथा संस्कृति विभाग प्रमुख सहप्राध्यापक दासको निधनले ठूलो क्षति पुऱ्याएको छ ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट विसं २०६० मा दासको 'सप्तरी जिल्लाका प्रमुख सांस्कृतिक स्थलहरू : एक अध्ययन र साझा प्रकाशनबाट विसं २०६७ मा 'सप्तरी जिल्लाका प्रमुख ऐतिहासिक गढीहरू नामक पुस्तक प्रमुख थिए । यसबाट हामीले सप्तरीको सिंगो इतिहास बुझ्न सकिन्छ । सपतरीका ऐतिहासिक गढीहरूका अतिरिक्त प्राचीन विदेह, सिम्रौनगढ, सेनवंशी शासनकाललगायतका विषयमा दासको अध्ययन अनुसन्धान तथा शोधहरू महत्वपूण छन् ।

सप्तरीका साथै मिथिला क्षेत्रको धार्मिक, ऐतिहासिक एवं प्राचीन इतिहासबारे गहन अध्ययन अनुसन्धानका अध्यता दासको सम्मानका लागि बाच्नेहरूले केही न केही गनु जरूरी हुन्छ । उनले दिएको योदान चिर स्थार्या बनाउन उनको स्मृतिमा प्रतिष्ठान निर्माण गर्नु पर्दछ । स्थानीय तथा प्रदेश सरकारको सकृयतामा स्मृति प्रतिष्ठान संचालन गरेर उनका कृति र योदानको संकलन गर्नु पर्दछ ।

### ☎ जरूरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# साधन र स्रोतमा सीमान्कृत समुदायको पहुँच

परशुराम यादव

विगत केही वर्षयतादेखि सामाजिक सञ्जालसँगै सेल्फी शब्दले खुब बजार पाएको छ । विशेषगरी युवा पुस्तामा यसको लत बढी देखिन्छ । खासगरि आफ्नो फोटो खिचिदिने साथी नभएको समयमा वा साथीले राम्रो फोटो नखिच्नसक्ने अवस्थामा अथवा आफू अनुकुल आफ्नो फोटो नहुने अवस्थामा सेल्फी खिच्ने चलन रहेको छ । सेल्फीको अर्थ आफनो काम आफै गर्नु भन्ने बुझिन्छ । हुन त यसले व्यक्तिको परनिरर्भतालाई घटाउन र स्ववालम्बी बनाउन मद्त गर्दछ त्यसभन्दा पनि व्यक्तिको स्वतन्त्रतालाई अझ बलियो बनाउन मद्त गर्दछ । जुन एउटा व्यक्तिको लागि अति नै महत्वपूर्ण हुन्छ । ईतिहास अध्ययन गर्दा स्वतन्त्रता र स्वाभिमानको खोजीमा संसारमा कैयन हिंसात्मक तथा अहिँसात्मक अन्दोलन भएका छन । केही सयमको लागि विश्राम लिए पनि हालसम्म संघर्ष सकिएको छैन र सकिने छाँटकाट पनि देखिदैन । अहिलेसम्म पनि हजारौ समुह र समुदाय सहअस्तित्व, स्वाभिमान, समानता र स्वतन्त्रताको लागि शासकवर्गसँग संघर्ष गर्दै आएका छन् । शासकवर्गको लागि विविधता व्यवस्थापन एउटा ठूलो समस्याको रूपमा देखापरेको छ । हुन पनि हो विविधता देशको लागि अवसर र चुनौती दुवै हो । व्यवस्थापन गर्न सक्यो भने चारजात छत्तिस बर्णको एउटा सुन्दर फुलवारी हुन्छ, सकेनौं भने जंगली राज्य हुन्छ, जहाँ बलियोले कमजोरलाई आफ्नो आहारा बनाउँछ । विविधताले सुसज्जित हाम्रो देशका नागरिकहरू सदियौंदेखि संघर्षरत छन् । सम्बृद्धिको आशमा बारम्बार लड्दैछन् । शक्तिकेन्द्रहरूलाई घुँडा टेकाउन सफल पनि भएका छन् । तर बिडम्बना नै भन्नु पर्दछ देशले सेवा जन्माउन सकेन, शासक मात्र जन्माउँदै आएको छ । नेताहरू सत्ता पाएको केही दिनपछि शासक वर्गमा रूपान्तरित हुन्छन् र देश र समाजको नेताभन्दा आफ्नो बर्ग, क्षेत्र र समुदायको मात्र नेता बन्न पुग्छन् । के(के न के(के पाउने आशमा लडेका आम नागरिकको बिशेष गरि सिमान्तिकृत वर्गको सपना चक्नाचुर हुन्छन् । नागरिकको



लागि संर्घष बाहेकको सवै बाटो बन्द हुन्छन । हुन त महान दार्शनिक हिगेलले वाद प्रतिवाद सम्वाद नियमित चलिरहने प्रक्रियाको रूपमा अर्थयाएका छन तर प्रश्न के उठछ भने के सिमान्तिकृत बर्ग अन्दोलनका लागि मात्र जन्मेका हुन त ? उनका हरेक पुस्ताले शासकबर्गको सिंहासन बनाउनको लागि मात्रै हुन ?

जनता अन्दोलन गर्ने, शासनसत्ता बदल्न साहरा दिने नेतालाई सत्तामा पुऱ्याउने तर त्यसको प्रतिफल नपाउने । अधिकारको अवाज उठाउने बित्तिकै डालरको प्रभाव भनेर उडाई दिने हो भने हजारौको बलिदानीको औचित्य कसरी पुष्टि हुन सक्दछन् । लोकतन्त्रको प्रतिफल घृणा, अपमान, बिभेद, अन्यय पक्कै पनि होईन होल । आफ्नो विकास आफै गर्न, आफनो अन्दोलन आफै हाँक्न, आफ्नो समस्या आफनै पहलमा समाधान गर्न विकास नयाँ मोडल सेल्फीको विकास भएको छ । जसमा जसको सवाल उसैको नेतृत्व हुन्छ । संघिय शासन प्रणाली र सेल्फी मोडल धेरैहदसम्म मेलखान्छ । जाती, बर्ग र समुदाय अनुसारको सानो प्रदेश जसमा बहुसंख्यक नागरिकको सहभागीतालाई सुनिश्च हुनुपर्थ्यो तर राज्यको पुनरसंरचना गर्द यसको ठीक उल्टो गरियो । एउटै बर्ग र समुदाय बिभाजन गर्ने कार्य भयो । खोलानाला हिमाल पहाडको नाममा प्रदेशको नाम राख्न सहमती जुटने तर तर हालसम्म अपहेलित, पिडित, पछाडि पारिएको बर्ग वा समुदायको नामसँग जोड्न नमान्नु राजनीतिक बेइमानी पनि हो ।

सेल्फी मोडेल समाज अन्दोलन र अभियानमा केही हदसम्म सफल पनि भएका छन् । जसका फलस्वरूप देशमा अधिकाँश जातजाति बर्ग समुदाय र क्षेत्रका आआफ्नै संगठन तयार भएका छन् । थोरै भएपनि आफनो समुदाय, बर्ग र क्षेत्रको हक र अधिकारका लागि बोल्न र दबाव दिन र अन्यय अत्याचारको खिलाफ प्रतिमा प्रतिकार गर्नसम्म मद्त गरेका छन् । स्थानिय निकायसम्म आफनो भागमा आएका रकम माग्न र खर्च गर्न सक्ने काममा सक्रियता बढदै गएका छन् । कैयन महिला पुरूषहरू संसारमै अव्वल पुरस्कारहरू जितन सफल पनि भएका छन् । राजनीतिक चेतनामा बृद्धि भएका छन् । गुठी बिधेयक र लोकसेवा आयोगको बिज्ञापनको विरूद्धमा भएका संघर्ष यसका उदाहरण हुन् ।

२००७ साल देखिको राजनीतिमा सक्रिय कैयन सिमान्तिकृत समुदाय तथा बर्गका नेताहरू आफनै पार्टी बनाएर अगुवाई नगरेसम्म आफनो समुदाय, बर्ग र क्षेत्रको कल्याण हुन नसक्ने निश्कर्षमा पुगेपछि नेपाली कग्रेस र एमाले परित्याग गरि नयाँ पार्टी स्थापना गरि संर्घषलाई अगाडि बढाएको पाइन्छ । राजनीतिमा यसले ठूलो तरङग ल्याएको छ । राष्टिूय पार्टी परित्याग गरि क्षेत्रीय पार्टी खोल्नु उनीहरूको लागि ठूला चुनौती थियो । उनीहरूले हिम्मत गरेकै हुन् । मधेश र मधेशी शव्द जोडेर पार्टी निर्माण भए, जातजातीको नाम जोडेर बिभिन्न मोर्चाहरू खडा भए । यहाँसम्म कि मधेशलाई छुट्टै राज्यको रूपमा माग गर्दै सिके राउतले अहिंसात्मक अन्दोलन गर्नपनि पछि परेनन् । निर्वाचन बहिष्कारमा पनि लागे । अधिकारको लागि लामो अन्दोलन चल्यो । भारतीय सिमानामा अवरोध खडा गरि नाकावन्दीको बातावरण सृजना भए । कर्मचारी, व्यापारी, पत्रकार, नेता, जनता सवै मधेशी र पहाडी गरि दुई कित्तामा बिभाजीत भए । शासकहरू राष्टिूयताको सवाललाई उछाल्दै आफना बर्ग र समुदाय बाहेकको बर्ग र समुदायलाई राष्टूघातीको संज्ञा दिएकै कारणले सदियौंदेखि चल्दैआएका हरेक विभेदका रूपहरू झन् निरन्तरता पाउदै गएको छ ।

दशकौसम्म संर्घष गरि ओहदा बनाउन सफल नेताहरू सेल्फीको मोहमा पर्नु उनको रहर थिएन होला । व्यक्तिगत लाभ राष्टिूय पार्टीमा नै बढी थियो र पनि संर्घषको बाटो रोज्नु पनि उनीहरूको लागि बाध्यता नै थियो । राजनीतिक अन्दोलनको अग्रपंङतिमा रही काम गरेका सिमान्तिकृत बर्गका जनप्रनिधीहरूं राज्य एवं पार्टी संचालन गर्न अवसर प्राप्त गर्न सकेनन् । नेपालको राजनीति ब्राम्हण र क्षेत्री बर्गको वरिपरी घुमिरहयो । देशको शासन, साधन र स्रोतमा उनीहरूकै हालिमुहाली चल्दै आयो । कार्यपालिका, व्यवस्थापिका र न्ययपालिकामा एउटै बर्ग, समुदाय र भाषा भेषकोभूषाको बर्चस्व कायम रहदै गयो । आफ्नो भाषा बोल्दा र आफ्नो पहिचानको लुगा लगाउदा समेत अपमान सहनु परेको थियो । राज्यका हरेक निकाय पूर्वाग्रही भईदियो ।

देशका नेताहरू आफनो बर्ग र समुदायको मात्र नेता भए । राष्टिूय मिडियाहरू काठमाडौंलाई मात्रै नेपाल देख्न थाले पत्रकारका क्यामाराहरू उत्तरतिर मात्र फर्किए । विद्यालयका पाठ्यक्रमहरू पहाडी सर्न्दभ र भाषालाई प्राथमिकताका साथ अगाडि बढायो । मधेशका आन्दोलनकारीलाई नेपालको सिमानाभित्र बस्न दिएनन् । उनीहरूलाई नो म्यान्स् ल्याण्डमा बस्न बाध्य गराईयो ।

यसरी बारम्बार धोखा पाएका सिमान्तिकृत बर्ग सेल्फीकै सहारा लिन बाध्य भए । जसमा उनीहरूले आफ्नोपनको अनुभूती गर्न थालेका छन् । आफ्नै राजनीतिक दल, आफ्नै मोर्चा, आफ्नै मिडिया हाउस, आफ्नै संघ संस्था र आफ्नै सरकार यहाँसम्म कि आफ्नै राज्यको परिकल्पना गर्न थालेका छन् । जमाना सेल्फीकै छ त्यसकारण राज्यसंचालकहरू मधेशको सेल्फीवाट पाठ सिकून् । संघीयतालाई सेल्फीकै मोडलमा विकास गरौ । जसको सवल उसकै नेतृत्वलाई कहि कसैले पनि इन्कार गर्न हुँदैन । मिल्दैन पनि । *(मधेश दर्पण)*

# डेंगु ज्वरो आएका बिरामीलाई के खुवाउने ?



### नरिवल तथा कागती पानी

### तरबुजा, केरा, पाकेको मेवा

### सुन्तला, अनार तथा अंगुरको रस

### नरम पकाएको पनिर

### अम्बाको जुस

### पालक सुप, उसिनेको मेवा, फर्सी

**शिल्पी कुमारी**

डेंगु ज्वरो एक गम्भीर फ्लु जस्तो बिमारी हो, जसले जुनसुकै उमेरका व्यक्तिलाई पनि असर गर्छ। डेंगु ज्वरोका लक्षणहरू अन्य धेरै भाइरल फेवरहरूलाई ओभरल्याप गर्दै छन्। त्यस कारण डाक्टरहरूद्वारा यसलाई बारम्बार गलत निदान गरिन्छ। आजको परिदृश्यमा, जहाँ डेंगु संक्रमण यत्तिको व्यापक फैलिएको छ कि बिरामी, तिनका आफन्त र स्पष्ट डाक्टर पनि रोगका लक्षणबारे चिन्तित हुनुपर्छ ।

**डेंगु ज्वरो उपचार**

डेंगु एक स्वयं(सीमित संक्रामक भाइरल रोग हो। यद्यपि डेंगुका बिरामीहरूको लागि उचित चिकित्सा स्याहार आवश्यक छ तर डेंगु ज्वरोको कुनै खास उपचार छैन। डेंगुले धेरै मध्यमदेखि गम्भीर लक्षणहरू निम्त्याउँछ ।

किन डेंगु ज्वरो उपचारको लागि उचित आहार अनुसरण गर्नु आवश्यक छ?

निम्नलिखित कारणहरूले गर्दा आवश्यक छ(

- डेंगुबाट ग्रस्त हुँदा कसैले पनि गम्भीर रूपमा आहार लिनुपर्दछ

- बान्ता इत्यादि जस्ता लक्षणहरूको गम्भीरतालाई कम गर्दै

- तिनीहरूको खाद्य सहिष्णुता सुधार गम्भीर जटिलताहरूलाई रोक्ने जस्तो जठरांत्र रक्तस्राव,डिहाइड्रेसन आदि।

- प्लेटलेट काउन्ट सुधार र शरीर डिटोक्सिफाइ गर्दै।

- बिरामीको छिटो स्वास्थ्य लाभको सुनिश्चितता

डेंगुबाट ग्रस्त हुँदा के खानुहुन्छ?

यो डेंगु ज्वरोको चरणमा निर्भर गर्छ।

चरण १ः उच्च ज्वरो आउँदा डेंगु संक्रमणको प्रारम्भिक चरणको लागि तरल डाइट

चरण २ः डेंगु ज्वरोका बिरामीको लागि सफ्ट आहार, जब ज्वरो शान्त हुन्छ र ऊ विस्तारै स्वस्थ हुन्छ

चरण ३ः रिकभरीको बेला सामान्य डाइट

तरल डाइट डेंगु ज्वरोको सुरुवाती चरणमा किन सुझाव दिइन्छ?

तरल आहार निम्न कारणको लागि सिफारिस गरिएको छ(

- तरल खाना ठोस खाना भन्दा राम्रोसँग सहन गरिन्छ।

- तरल पदार्थहरू भिटामिन, खनिज आदिमा समृद्ध हुन्छन् जसले बिरामीको द्रुत पुनः प्राप्तिमा मद्दत गर्दछ।

- ती लक्षणहरूको गम्भीरता कम गर्न उपयोगी छ, जस्तै मतली, बान्ता र ज्वरो।

- तिनीहरू पानी र इलेक्ट्रोलाइट सन्तुलन कायम गर्न धेरै मद्दत गर्छन्।

- तिनीहरूले शरीर डिटक्सिफाई गर्छन्।

- यसले शरीरलाई हाइड्रेट गर्छ र डिहाइड्रेसन रोक्छ ।

**के पिउने?**

तलको तरल पदार्थ जस्तो खाद्यान्न तरल डाइटमा समावेस हुनुपर्छ।

नरिवलको पानीः कागती पानीः सुन्तलको रस

कालो अंगुरको रसः यो रगतको लागि उपयोगी छ। यो एन्टिअक्सिडन्टमा पनि धनी छ। अंगुर राम्रोसँग धुन्न नबिर्सनुहोस्। अंगुरलाई नुनपानीमा राख्नुहोस् र त्यसपछि बगिरहेको पानीमा धुनुहोस्।

अम्बाको जुसः यो गाह्रो तर धेरै प्रभावशाली लाग्न सक्छ। धेरैजसो केसहरूमा डेंगु ज्वरोमा रगत प्लेटलेट गणना घटाइन्छ। प्लेटलेट काउन्ट बढाउन अम्बाको रस प्रभावकारी हुन्छ ।

**अनारको जुस**

पालक सुपः पालकमा भिटामिन, प्रचुर मात्रामा पोटासियम, फलाम र क्याटोटिन बी र लुटेन जिएक्सनथिन इत्यादि फाइटन्युट्रिएन्टहरूबाट समृद्ध हुन्छ ।

बिटरुट सुपः बिटरुटमा पानीको धेरै मात्रा हुन्छ । भिटामिन बी, भिटामिन सी, खनिज -मैंगनिज, पोटासियम, फलाम) यी आरबिसी गणना बढाउन धेरै मद्दत पुर्‍याउँछन्।

**टमाटर सुप**

मलाई थाहा छ, फलफूलको रस वा तरकारीको सुप बनाउनु एउटा कठिन कार्य हो। प्याकेज गरिएको फल जुस वा इन्स्ट्यान्ट सुप मिक्स वा सफ्ट पेयको साथ आफ्नो जीवन सजिलो बनाउन कोसिस नगर्नुहोस्। जे भए पनि उनीहरूले दावी गरे कि कसरी स्वस्थ छन्, तिनीहरू चिनी, रसायन र संरक्षकका विभिन्न प्रकारको मिश्रणबाहेक केही छैनन् ।

डेंगु ज्वरो उपचार( चरण २ः सफ्ट डाइट दिशानिर्देश

जब बिरामीहरू डेगु संक्रमणबाट मुक्त हुन थाल्छन् र तरल डाइटले राम्रोसँग सहन गर्न थाल्छन्। उनीहरुलाई नरम आहार दिइन्छ। नरम डाइटमा यी खाद्य पदार्थ समावेश हुनुपर्छ(

- बनावटमा धेरै नरम

- चबाउन र निल्न सजिलो

- पचाउन सजिलो

कसैले आफ्नो खानाको स्वाद बढाउन कागतीको रस वा जडिबुटी प्रयोग गर्न सक्दछ। नरम आहारको साथसाथै तरल पदार्थहरू जस्तै ताजा जुस, सुप र नरिवल पानी पिउन आवश्यक छ। यसले शरीरको पानी र इलेक्ट्रोलाइट सन्तुलन कायम गर्न मद्दत गर्दछ।

नरम आहारमा हुँदा के खानुपर्छ?

कुनै पनि राम्रो पकाएको वा धेरै पकाइएको खाना समावेश गर्नुपर्छ।

- ओभरकोकड खिचडी (चामल र दालको संयोजन)

- दही भात

- पोरिज

- उमालेको आलु

- उमालेको तरकारीहरू जस्तै उसिनेको मेवा, फर्सी, हरियो केराउ आदि। सफ्ट पकाएको पनिर, पाकेको केरा, पाकेको मेवा, तरबुज, चिकन स्टु

डेंगु ज्वरो उपचार चरणः सामान्य आहार दिशानिर्देश

जब बिरामी निको हुन्छ, नरम डाइट राम्रोसँग राखिन्छ र राम्रोसँग सहन गरिन्छ। विस्तारै नरम आहारलाई सामान्य दैनिक आहारमा परिवर्तन गर्नुपर्छ। रिकभरी अवधिमा, बिरामीले उच्च क्यालोरी, उच्च प्रोटिन, कम फ्याट, भिटामिन, खनिज र एन्टिआक्सिडन्टहरू समृद्ध गैर(मसलादार आहार खानुपर्छ। द्रुत पुनः प्राप्तिको लागि उनीहरूको लागि प्रशस्त पानी पिउनु आवश्यक छ।

**डेंगु ज्वरो घरेलु उपचार**

प्लेटलेट गणनालाई बढावा दिन घरेलु उपचार डेंगु ज्वरो र भाइरल संक्रमण अक्सर प्लेटलेट गणनामा एक ड्रपसँग सम्बन्धित छ। केही घरेलु उपचारहरू त्यस्ता सर्तहरूमा अत्यधिक प्रभावकारी भएको पाइन्छ ।

धनिया पात, निम पात, अम्बा पात र मेवा पातहरू डब्ल्युबिसी र रगतमा प्लेटलेट गणनालाई बढावा दिन अत्यन्त प्रभावकारी हुन्छ।

*(लेखक बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानकी प्राध्यापक हुन)*

## तपाईंको यो साता

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)ः** आम्दानी बढ्ने छ। विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो)ः** मनमा उत्साह र हिम्मत बढ्नेछ। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।

**मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह)ः** आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)ः** पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)ः** मन प्रफुल्ल रहला। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)ः** मनमा चंचलता बढ्नेछ। समय राम्रो छैन। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला।

**तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते)ः** प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला। समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)ः** स्वास्थ्य सम्बन्धि समस्या आउने छ। मन दोधार होला।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला।

**धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे)ः** शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।समय मध्यम खालको छ।

**मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी)ः** समय उत्तम खालको छैन। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)ः** नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।

**मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची)ः** पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।

## संघीयता नेपालीको लागी उपयुक्त छैन !



राकेशकुमार शर्मा

संघीयता अमेरिका, भारत, चाइना र अष्ट्रेलिया जस्ता ठुल ठुलो मुलुकको लागी मात्र उपयुक्त छ। अमेरिका, भारत, चाइना र अष्ट्रेलियाको जग्गाको भु-भाग र हेक्टर कति छ त्यो पत्ता लगाउँ अनि मात्र संघीयताको कुरा गरौं। अमेरिका, भारत, चाइना र अष्ट्रेलियामा सम्भव नभएर संघीयताको आवश्यकता परेको हो। हाम्रो मुलुक पटनाको बिहार जत्रो सानो छ। हाम्रो मुलुकमा संघीयता चाहियो किन ?

मैले नेपालमा संघीयता उपयुक्त छैन भनेकोले कतिपय महानुभावहरुलाई मेरो यो भनाई पच्दैन होला ? कतिपयले यो त बौलायो पनि भन्लान ? कतिपयले यो त संघीयता विरोधी रहेछ पनि भन्न सक्छन ? यी सबै कुरा नभनौं भने मनमा कति डाह र पिडा हुन्छ भनौं भने कतिपयलाई असहय हुन्छ होला? आफ्नो मनमा लागेको विचारहरूलाई व्यक्त गरेर भएपनि डाह र पिडा शान्त हुन्छ।

हामी नेपाली नागरिकहरु धनी छौं तर हाम्रो मुलुक गरिब छ। मुलुकको अर्थतन्त्र र आर्थिक अवस्था कमजोर छ। अन्तर्राष्ट्रिय मुलुकहरूले सहयोग र ऋण दिएकोले हाम्रो मुलुक चलिरहेको छ।हामी नेपालीहरुको औकात नै के छ ? अझ हामी नेपाली नागरिकहरु जुन गोरुको सिंग छैन उसको नाम तिखे जस्तो बन्न खोज्छौं। मुलुकमा नाकाबन्दी भयो भने भोकभोकै मर्ने सम्मको अवस्था आउँछ

कृषि प्रधान मुलुक भन्छौं तर हामी कृषि क्षेत्रमा पनि सक्षम छैनौं। युवा र युवतीहरु रोजगारीको लागी बाहिरी मुलुक पलायन भइ रहेको अवस्था छ। दुबई र कतार जस्ता मुलुकहरु पनि कुनै न कुनै वस्तु निर्यात गर्नमा सक्षम छन। हाम्रो मुलुकले आयात मात्र गर्छ। निर्यात गरे पनि खाधान्नहरु निर्यात गर्न सक्छ। फेरी त्यही खाधान्नहरु पनि महंगोमा आयात गर्छ। यस्तो हाम्रो मुलुकको दयनीय अवस्था छ। अझ हामी नेपालीहरुको फूर्ति र धाक बेग्लै किसिमको छ।

# आयोगको अध्यक्षमा यादव सिफारिस

जनकपुरधाम / प्रदेश नं. २ को लोक सेवा आयोगको अध्यक्षमा प्रा.सुरेन्द्रप्रसाद यादव सिफारिस भएका छन्। मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको अध्यक्षतामा रहेको सिफारिस समितिले बिहीबार यादवलाई अध्यक्षमा सिफारिस गरेको छ। समितिमा सभामुख सरोज कुमार यादव र प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टीका नेता सत्यनारायण मण्डल सदस्य छन्। अध्यक्षमा सिरफारिस भएका यादव सिरहा निवासी हुन्।

## गढीमाई मेलामा ६० लाख श्रद्धालु आउने

बारा / बाराको महागढीमाई नगरपालिका(१ बरियारपुरमा रहेको विश्व प्रसिद्ध गढीमाई मेलामा आउने ६० लाख भन्दा बढी श्रद्धालुहरुलाई व्यवस्थापन गर्न महागढीमाई नगरपालिकाले एक कार्यक्रमबीच मेलाको व्यवस्थापन तथा मुल कमिटी विस्तार गरेको छ।

पाँच वर्षमा लाग्ने गढीमाईको मेलामा विश्वमै सबैभन्दा बढी पशु बलि दिईने गरिएको छ। आउने मंसिर १ देखि एक महिना लाग्ने मेलामा नेपाल, भारतलगायत तेश्रो मुलुकबाट ६० लाख श्रद्धालु गढीमाई मेलाको दर्शन गर्न आउने र त्यसको लागि ३ महिना पहिलादेखि पहिलो चरणको कामहरु शुरु गरिएको महागढीमाई नगरपालिकाले जनाएको छ।

अहिलेदेखि मेलालाई व्यवस्थित गर्न काम सुरु नगर्दा खानेपानी, शौचालय, स्वास्थ्य शिविर, मनोरन्जनका साधनलगायत सेवा सुविधाहरु दिनमा समस्या देखेर नै नगरपालिकाले कमिटी विस्तार गरेको महागढीमाई नगरपालिका प्रमुख उपेन्द्र यादवले बताए। पाँच वर्ष पहिला २०७१ सालमा लागेको मेलामा ५० लाख भन्दा बढी श्रद्धालुले मेला हेर्न आएको र ८० हजार जति पशु बलि दिइएको थियो।

## सप्तरीमा ....

नेपाली सेनाको सर्पदंश उपचार केन्द्रमार्फत सर्पले टोकेका बिरामीको उपचार हुने गरेको छ।

अञ्चल अस्पतालले वैशाखदेखि हालसम्म दुई सय ९२ जनाको उपचार गरेको मेडिकल सुरपरिटेन्डेन्ट चुमनलाल दासले बताए। सेनाले ६४ जनाको उपचार गरेको छ। यसबाहेक धरान, विराटनगर तथा सेनाको इटहरी र चोहर्वा ब्यारेकमा पनि सर्पदंशको उपचार हुने भएकाले बिरामीको संख्या अझै बढी हुन सक्ने दासको दाबी छ।

सर्पले डसेर एकपछि अर्को व्यक्तिको मृत्यु भइरहे पनि उपचारमा भन्दा झारफुकमा भरोसा गर्ने प्रवृत्तिले बिरामीको मृत्यु हुने गरेको कल्याणपुरस्थित उपचार केन्द्रका मेजर निर्मल दाहालले बताए।

सप्तरीका सबै क्षेत्रमा सर्पको बिगबिगी भए पनि खडक र बोदेबर्साइन नगरपालिकामा यस्ता घटना अझै बढी रहेको मेजर दाहालको भनाइ छ। गोमन, करेत, भाइपर, ढोडिया, साखड, चिचिन्डे, धामन, हरहरालगायत विष भएका वा नभएका सर्प यस क्षेत्रमा बढी रहेको उनले जानकारी दिए।

प्रतिनिधिसभा सदस्य तेजुलाल चौधरीले कल्याणपुरस्थित सेनाले सञ्चालन गरेको सर्पदंश उपचार केन्द्र भवन निर्माण गर्न ५० लाख रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएका छन। स्थानीयसमेत रहेका चौधरी सोही क्षेत्रबाट निर्वाचित सांसद हुन।

सांसद नमिता चौधरीसहित निरीक्षण गर्न पुगेका चौधरीले सर्पदंशको भवन निर्माण गर्न सहयोग गर्ने बताए। स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमअन्तर्गत चालू आर्थिक वर्षको बजेटबाट उक्त रकम छुट्याउने चौधरीले बताए।

खडक-६ को बागमारास्थित सरकारी जग्गामा भवन बनाउन नगरपालिकाले प्रस्ताव गरेको छरु। तीन वर्षभित्र भवन निर्माण गरिदिने नगरपालिकाले जनाएको छन। यसैगरी, औषधि र उपकरणसहित तत्कालका समस्या समाधान गर्ने नगरपालिकाले प्रतिबद्धता जनाएको मेजर दाहालले जानकारी दिएरु। इसिजी र प्यासेन्ट मोनिटर मेसिन नहुँदा उपचारमा समस्या भइरहेको सर्पदंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिका संयोजक उसमान मियाँले बताए।

अव धरान विराटनगर धाउनु पर्दैन

यदि तपाईंलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस। हामी तपाईंको सेवामा तत्पर छौं।

हाम्रा सेवाहरु

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरूजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरूद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।

प्रो.पपुलर चौधरी

सप्तकोसी डेन्टल क्लिनिक

सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन

सम्पर्क: ९८४९१५१५८३ र ९८१७३०९४४७



चौदण्डी नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं।

चौदण्डी नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर



# मुआब्जा माग्दैं कोसी पीडितहरु



विस २०११ मा नेपाल-भारतबीच भएको सम्झौताअनुसार मुआब्जा उपलब्ध गराउन माग गर्दै सप्तरी, सुनसरी र उदयपुरका किसानहरुले कोसी ब्यारेजमा रिले अनसनमा बसे ।

कोसी नदी कटान रडुबानपीडित संघर्ष समिति सप्तरी, सुनसरी र उदयपुरले आयोजना गरेको अनसनको नेतृत्व पूर्वसभासद मानपुर चौधरीले गरे । विजय यादव, उमेश मिश्र, महिदेव चौधरी, दिगम्वर यादव, विष्णु माझी, रामसुन्दर मण्डल, झवर राय, वीरेन्द्र राय, अरविन्द राय, अशोककुमार यादव, शिवलखन मण्डल र विश्वेवरप्रसाद चौधरी अनशनमा बसेका थिए । ०११ सालमा भएको कोसी सम्झौता कार्यान्वयन गरी पीडितलाई न्याय दिलाउन सरकार गम्भीर भएर नलागेको भन्दैं उनीहरु अनसनमा बसेका हुन ।

नेपाल र भारतबीच २५ अप्रिल १९५४ मा कोसी पुल र बाँध निर्माणका लागि भएको सम्झौताअनुसार सन् १९६४ मा कोसी ब्यारेजको निर्माण भएको थियो । पुल र बाँध निर्माणका कारण सुनसरीको चतरादेखि सप्तरीको कुनौली बोर्डरसम्म दुवै साइडको तटवन्धभित्र पर्ने ४८ हजार बिघा जग्गा कटान र डुवानमा परेको पीडितहरू बताउँछन ।

उनीहरुले हजारौं कृषकलाइ सहभागी गराएर प्रदर्शन समेत गरे । क्षतिपूर्ति र मुआब्जाका लागि गम्भीर बन्न सरकारलाई आग्रह गरिएका प्लेकार्डसहित किसानले कोसी पुलमा जुलुस प्रदर्शन गरेका थिए ।

जुलुसपछि कोसी ब्यारेजको पूवी कन्ट्रोल रुमनजिकै सभा आयोजना गरिएको थियो । पूर्वसांसद नागेन्द्र झाको अध्यक्षता तथा प्रदेश सांसद एवं नेकपाका नेता सत्यनारायण मण्डलको प्रमुख आतिथ्यमा भएको सभाका वक्ताले मुआब्जा दिन भारत सरकार तयार रहे पनि नेपाल सरकारले नै पहल गर्न नसकेको आरोप लगाए ।

कोसीपीडितले मुआब्जा र क्षतिपूर्तिको माग गर्दै हरेक वर्ष आन्दोलन गर्दै आएका छन । सम्बन्धित निकाय र स्थानीय प्रशासनले समस्या समाधानका लागि पहल गर्ने आश्वासन दिएर हरेक पटकको आन्दोलन मत्थर पार्ने गरे पनि हालसम्म कसैले न्याय नपाएको संघर्ष समितिका संयोजक महिदेव चौधरीले बताए ।

यो वर्ष निर्णायक आन्दोलन गर्ने र सरकारलाई घुँडा टेकाएरै छोड्ने संघर्ष समितिले जनाएको छ । पीडितले साउन १३ गते जिल्ला प्रशासन कार्यालय सप्तरीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाउदै मुआब्जाका लागि पहल गर्न माग गरेका थिए । ज्ञापनपत्रको सुनुवाइ नभएपछि २१ साउनमा पत्रकार सम्मेलन गरी आन्दोलन घोषणा गरिएको थियो ।

मुआब्जाका विषयमा स्थानीय कार्यालयमार्फत सिफारिस हुँदै आए पनि सरकार जिम्मेवार हुन नसकेको संयोजक चौधरी बताउछन् । नेपाल भ्रमणमा आएकी तत्कालीन भारतीय विदेशमन्त्री स्व: सुष्मा स्वराजले कोसीपीडितको समस्या र मुआब्जाका विषयमा भारत सरकार सकारात्मक रहेको बताएकी थिइन् । साथै, नेपाल भारत संयुक्त आयोगको जुलाई २५-२७, ०१४ मा काठमाडौंमा सम्पन्न तेस्रो बैठकले पनि कोसीपीडितको मुआब्जा उपलब्ध गराउने विषयमा निर्णय गरेको संयोजक चौधरीको दाबी छ ।

०१८ सालदेखिको बालीको मुआब्जा दिन भारत सरकार तयार भएपछि ४ भदौ ०६९ मा सप्तरीको राजविराजमा सम्पन्न सर्वपक्षीय बैठकले कोसी योजनाअन्तर्गत कटान भएको ४८ हजार बिघामध्ये सात हजार ६ सय ६३ बिघा आठ कठ्ठा दुई धुर जग्गाको प्रतिवर्ष प्रतिबिघा एक लाख पाँच हजारका दरले मुआब्जा उपलब्ध गराउन सिफारिस गरेको थियो। सप्तरीका प्रमुख जिल्ला अधिकारी हरिराज पन्तको अध्यक्षतामा बसेको बैठकले लागत संकलन गरी सोहीबमोजिम ८० करोड ४६ लाख ५७ हजार ५२५ रुपैयाँ १३ पैसा मुआब्जा उपलब्ध गराउन सिफारिस गरेको संयोजक चौधरीले बताए । बैठकमा उदयपुरका प्रजिअ प्रेमप्रसाद लुइँटेल तथा भूआर्जन कार्यालय विराटनगरका भूआर्जन अधिकृत नन्दबहादुर राईसमेत थिए ।

# सप्तरीमा जबरजस्ती करणी मुद्दामा व्यापक वृद्धि

राजविराज, / एक वर्षयता मात्र सप्तरी जिल्लामा जबरजस्ती करणी र जबरजस्ती करणी उद्योग सम्वन्धी मुद्दा बढेका छन् ।।

जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्क अनुसार २०७५ साउनदेखि ०७६ असारसम्म जबरजस्ती करणी मुद्दा ४९ जना र जबरजस्ती करणी उद्योग मुद्दा १५ रहेको छ । जबरजस्ती करणीका ४९ मुद्दामा ३१ जना पक्राउ गरेका छन । २५ जना आरोपी फरार छन् । जबरजस्ती करणी उद्योग मुद्दामा कुल १५ मुद्दामा ८ जना मात्र पक्राउ परेका छन् भने १० जना अझै फरार रहेका प्रहरीले जनाएको छ ।

यस्तै ज्यान मार्ने उद्योगका २९ ओटा जिल्ला प्रहरी कार्यालय सप्तरीमा १६ जना पक्राउ परेका छन भने ६३ जना फरार छन । कर्तव्य ज्यान सम्वन्धी घटना १२ ओटा भएकोमा त्यसमा संलग्न रहेको आरोपमा १३ जना पक्राउ परेका छन । उक्त घटनाका २४ अभियुक्त फरार छन ।

अपहरण सम्वन्धी ९ ओटा मुद्दा दर्ता भएकोमा ६ संलग्न रहेको आरोपमा पक्राउ परेका छन् भने ७ जना अझै फरार रहेको तथ्याङ्कले जनाएको छ । यस्तै हातहतियार खरखजाना मुद्दाको संख्या २ रहेको छ । तीमध्ये २ जना पक्राउ परेका छन् भने एक जना फरार रहेको जनाईएको छ ।

यस्तै लागु औषध मुद्दा ६० ओटा दर्ता भएकोमा ८१ जना पक्राउ परेको तथा २ जना मात्र फरार रहेका छन् । जिल्लामा चोरी मुद्दा ७० ओटा रहेकोमा ७८ जना पक्राउ परेका छन् भने ४ जना फरार छन् । बोक्सीको आरोप ७, अपहरण गरी जबरजस्ती करणी गरेको मुद्दा २, गर्भपतन १, हातहतियार खरखजाना २ रहेको छ । उक्त मुद्दाहरुका केही आरोपीहरु समेत अझै फरार छन् ।

जिल्ला भईरहेका अपराधिक घटनाहरु न्यूनिकरण गर्न आफुहरु प्रतिवद्ध रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका एसपी मनोजकुमार यादवले बताए । दर्ता भएका विभिन्न मुद्दाहरु समेत कार्वाही प्रक्रियामा रहेको तथा फरार अभियुक्तहरुको खोजी कार्य समेत तिव्र पार्नुका साथै शान्ति सुरक्षा कायम गर्न कुनै कसर बाँकी नराखिने उनले प्रतिवद्धता व्यक्त गरे ।


## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

**हाम्रो सेवाहरू**

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

**सम्पर्क स्थान**

**N/C/ Bose (बंगाली निज निवास) त्रियुगा पुल नजिक**

**सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३**

**नोट: आर्युबेदिक डाक्टरद्वारा बवासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।**

## कञ्चनरुप नगरपालिकाको अनुरोध

- नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
- व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।

-बेलक्रा नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफ्नो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔं , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।

- आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔं साथै वोट विरुवा रोपौं ।
- घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
- नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरू समयमै वुझाई नगरको विकासमा सहयोग पुयाऔं ।
- आफना चौपायहरू जथाभावी छाडा नछाडौं ।
- अशुरक्षित खाद्य पदार्थ सेवन नगरौं साथै विक्री वितरण समेत नगरौं ।
- सार्वजनिक सम्पत्तिहरूको सवै मिलेर संरक्षण गरौं ।

-धुमपान, मध्यपान नगरौं, रोगबाट बचौं ।

- सभ्य नागरिक वनौं , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

**कञ्चनरुप नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, सप्तरी**